# कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
## परियोजना कार्यान्वयन इकाई
दुल्लु, दैलेख

फोन नं.०८९-४११०७८/८८
ईमेल:pmamp.piu.dailekh@gmail.com

प.सं.:- ०७७/०७८

च.नं.:- ९८

श्री महाबु गाउपालिकाको कार्यालय,

गैडावाज,दैलेख ।

मिति:२०७७/०५/०१

विषयः सूचना टाँस सम्बन्धमा ।

प्रस्तुत सम्वन्धमा यस कार्यालयको बाख्रा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनको लागि कृषि सहकारी,कृषक समूह जल उपभोक्ता समिति तथा कृषक उद्दमीहरुको सूची तयार गर्नु पर्ने भएकोलेसो सम्वन्धि सूचना थान -१ यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सूचना ताँहा कार्यालयको सूचना पाटीमा टाँस गरी दिनका साथै वडा नं. ३ देखि ६ को वडा कार्यालयहरुमा समेत सूचना पठाइ सहयोग गरी दिन हुन अनुरोध छ ।

श्री पशुसेवा शाखा

सम्बन्धित कार्यालयमा सूचना टाँस गरि वडामा जानकारी गराईदिन हुन अनुरोध छ।

२०७७/०५/०३

राजु भुज
निमित्त बरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
दुल्लु, दैलेख

फोन नं.०८९-४११०७८/८८
ईमेल:pmamp.piu.dailekh@gmail.com

प.सं.:- ०७७/०७८

च.नं.:-

# कार्यक्रममा सहभागिताको लागि सूचिकृत हुने बारेको सूचना

## प्रथम पटक सूचना प्रकाशित गरिएको मिति २०७७/०५/०१ गते

यस परियोजनाको आ.व. ०७७/०७८ को कार्यक्रम अनुसार दैलेख जिल्लाका तपसील अनुसारका पालिकाका वडाहरुमा **व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम** संचालन हुन गैरहेको सन्दर्भमा चालू आ.व. ०७७/०७८ को लागि तपसीलमा उल्लेखित स्थानहरुमा संचालित सकृय कृषि सहकारी, कृषक समूह जल उपभोक्ता समिति तथा कृषक उद्दमीहरुको सूची तयार गर्नु पर्ने भएकोले जोन क्षेत्रमा आबद्ध भै कार्यक्रममा सहभागी हुन इच्छुक कृषि सहकारी,कृषक समूह जल उपभोक्ता समिति तथा कृषक उद्दमीहरुले सूचना प्रकाशित भएको मितिले ३५ दिन अर्थात मिति २०७७/०६/०४ गते भित्र तपसील अनुसारका आवश्यक कागजात सहित परियोजना कार्यान्वयन इकाइको कार्यालयमा सुचीकृत हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै यस सम्वन्धि थप जानकारीको लागि परियोजना कार्यन्वयन इकाइको कार्यालय दुल्लु, दैलेख तथा जोन सम्पर्क कार्यालयहरु वा फोन नं. ०८९-४११०७८/८८ मो.नं. ९८५८०७१५५५, मा सम्पर्क राख्न हुन समेत जानकारी गराइन्छ।

तपसील

| क्र.सं. | जोनहरु | कार्यक्षेत्र | सूची दर्ताको लागि सम्पर्क स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | सुन्तलाजात फलफुल जोन | दुल्लु नपाका सवै वडाहरु तथा भैरवी गापा का ३ देखि ७ नं. वडाहरु | परियोजना कार्यन्वयन इकाइ दुल्लु वा सुन्तलाजोनको कार्यालय दुल्लु | ०८९-४११०७८/८८ मो.नं. ९८५८०७१५५५, ९८६३१५८९९३ |
| २ | आलु जोन | गुराँस गा.पा.को वडा नं. ३,४,५,६,७र ८, डुङ्गेश्वर गा.पा.को वडा नं. २,३ र ५ | परियोजना कार्यन्वयन इकाइ दुल्लु वा आलुजोनको सम्पर्क कार्यालय घोडाबास | ०८९-४११०७८/८८ मो.नं. ९८५८०७१५५५, ९८४९९९१६१२ |
| ३ | बाख्रा जोन | नारायण नपा वडा नं. ४ र १०, महाबु गा.पा. वडा नं. ३,४,५ र ६, भैरवी गा.पा. वडा नं.६र७तथा चामुण्डाविन्द्रासैनी नपा वडा नं.१,२ र ३ | परियोजना कार्यन्वयन इकाइ दुल्लु वा बाख्राजोनको सम्पर्क कार्यालय दैलेख वजार | ०८९-४११०७८/८८ मो.नं. ९८५८०७१५५५, ९८६२२४६२०७ |

आवश्यक कागजातहरु

१. सम्वन्धित निकायमा दर्ता भै नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
२. कृषक समूह /कृषि सहकारी/ जल उपभोक्ता समिति तथा कृषक उद्दमी को उपरोक्त अनुसारको सहभागी हुन इच्छा जाहेर भएको वैठकको प्रतिलिपी ।
३. परियोजना कार्यन्वयन ईकाईवाट उपलब्ध गराइएको फर्मेट अनुसारको तथ्याङ्क सम्वन्धि विवरण ।
४. सम्वन्धित वडा कार्यालयको सिफारिस ।
५. गत आ.व मा सूचीकृत कृषक समूह /कृषि सहकारी/ जल उपभोक्ता समिति तथा कृषक उद्दमीहरु पुनः सूचीकृत हुन नपर्ने तर समूह नवीकरण तथा सहकारीको हकमा गत आ.व.को अडिट रिपोर्ट र करचुक्ता अनिवार्य पेश गर्नु पर्ने छ ।

राजु भुज
निमित्त बरिष्ठ कृषि अधिकृत